स्थानीय सरकार

डिलासैनी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

डिलासैनी, बैतडी

**कार्यपालिका बैठक नं. २३**

मिति २०८०।१०।२५ गते, १:०० बजे

डिलासैनी गाउँपालिका अध्यक्ष श्री सन्तोष प्रकाश जोशी ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको २३ औं बैठक २०८० साल माघ २५ गते दिउँसो १:०० बजे बिहीवारका दिन बसी देहायका निर्णयहरु गरियो ।

**उपस्थिति:**

श्री सन्तोष प्रकाश जोशी (गाउँपालिका अध्यक्ष)
श्री भगीरथ बोहरा (गाउँपालिका उपाध्यक्ष)
श्री कृष्ण कुमार धामी(सदस्य)
श्री नवराज घरडी (सदस्य)
श्री रघुविर बोहरा (सदस्य)
श्री हरी दत्त पन्त (सदस्य)
श्री यज्ञ राज भट्ट (सदस्य)
श्री उत्तर बहादुर बोहरा (सदस्य)
श्री प्रकाशमणी भट्ट (सदस्य)
श्री कलावती लुहार (सदस्य)
श्री कविता भूल (सदस्य)
श्री दुर्गा धामी (सदस्य)
श्री मानमती लुहार (सदस्य)
श्री बिमला बोहरा (सदस्य)
श्री शारदा बोहरा (सदस्य)
श्री शंकर बहादुर साउँद(सदस्य सचिव)

CamScanner

## कार्यपालिका बैठकमा पेश भएका प्रस्ताव र पारित भएका निर्णयहरुः

**प्रस्ताव नं. १: विशेष र समपुरक योजना माग सम्बन्धमा ।**

**निर्णय नं. १** डिलासैनी गाउँपालिकाले संघीय समपुरक अनुदान तथा विशेष अनुदान अन्तरगत स्थानीय तहबाट आर्थिक वर्ष २०८१।०८२ मा संचालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आहान सम्बन्धी राष्ट्रिय योजना आयोगको मिति २०८० पौष २९ गतेको सूचना र समपूरक अनुदान सम्बन्धी(तेस्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदान सम्बन्धी(तेस्रो संशोधन) कार्यविधि, २०७७ मा व्यवस्था भए बमोजिम तपसिल बमोजिमका आयोजना/कार्यक्रम प्राथमिकीकरण सहित माग गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**समपूरक अनुदानः**

| आयोजना/कार्यक्रमको नाम | अनुमानित लागत | कार्यान्वयन हुने स्थान | अधिकतम अवधि |
|---|---|---|---|
| विभिन्न सडक निर्माण आयोजना | ९,९९,००,००० | सात वटै वडा | ३ वर्ष |
| डिलासैनी गाउँपालिका विद्यालय भवन निर्माण | ९,९९,००,००० | सात वटै वडा | ३ वर्ष |
| समैजी भम्के धाम पर्यटकीय पूर्वाधार निर्माण | २,००,००,००० | डिलासैनी २ | १ वर्ष |

**विशेष अनुदानः**

| आयोजना/कार्यक्रमको नाम | अनुमानित लागत | कार्यान्वयन हुने स्थान | अधिकतम अवधि |
|---|---|---|---|
| डिलासैनी गाउँपालिका खानेपानी आयोजना | ४,९९,००,००० | सात वटै वडा | २ वर्ष |
| डिलासैनी गाउँपालिका विद्यालय भवन निर्माण | ४,९९,००,००० | सात वटै वडा | २ वर्ष |
| असल आमा समूह उद्यमशीलता सहित आत्मनिर्भर कार्यक्रम | २,२४,००,००० | सात वटै वडा | २ वर्ष |
| स्वस्थ र दक्ष मानव पूँजी विकास कार्यक्रम | १,४१,००,००० | सात वटै वडा | १ वर्ष |

**प्रस्ताव नं. २: दरबन्दी मिलान तथा दरबन्दी स्वीकृति सम्बन्धमा ।**

**निर्णय नं. २** डिलासैनी गाउँपालिका अन्तरगतका देहायका संस्था/कार्यालयमा रहने गरि देहाय बमोजिमको पद र संख्या अनुसारको दरबन्दी स्वीकृत गर्ने निर्णय पारित गरियो ।

| पद | संख्या | दरबन्दी रहने संस्था ठेगाना |
|---|---|---|
| फार्मेसी | १ | आधारभूत अस्पताल, डिलासैनी ७ |
| मनोसमाजिक परामर्शकर्ता | २ | |
| कार्यालय सहयोगी | १ | |
| प्रा.वि. शिक्षक | १ | मठैराज आ.वि. सौनगाउँ डिलासैनी ६ |
| शिक्षक अनुदान | २ | निङ्लासैनी आ.वि. डिलासैनी ६ र दुर्गा भवानी आ.वि. डिलासैनी २ |
| मा.वि. शिक्षक | २ | शि.के.अ. मा.वि. डिलासैनी ७ र घटाल मा.वि. डिलासैनी ४ सामाजिक |

CamScanner

**प्रस्ताव नं. ३: वडागत योजना सम्बन्धमा ।**

**निर्णय नं. ३** डिलासैनी गाउँपालिका अन्तरगतका वडाहरुमा चालु आर्थिक वर्ष २०८०/०८१ मा कार्य संचालन गर्ने गरि प्रति वडा रु. २०,००,०००।-( रु. बीस लाख) का दरले बजेट सुनिश्चित गरि आयोजना/कार्यक्रम माग गरि आयोजना/कार्यक्रम स्वीकृत गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ४: स्थानीय पाठयक्रमको उपलब्धता र समयानुकुल संशोधन वा परिमार्जनका लागि कार्यदल गठन सम्बन्धमा ।**

**निर्णय नं. ४** डिलासैनी गाउँपालिकाको स्थानीय पाठयक्रमलाई समयानुकुल संशोधन र परिमार्जनका लागि देहाय बमोजिमका व्यक्तिहरु संम्मिलित कार्यदल गठन गर्ने निर्णय पारित गरियो ।

१. संयोजक - ~~गाउँपालिका शिक्षा~~ सामाजिक विकास समितिको संयोजक

२. सदस्य - समितिबाट मनोनित ३ जना

३. सदस्य सचिव - शिक्षा, युवा तथा खेलकुद शाखा

**प्रस्ताव नं. ५: कार्य विवरण, कार्ययोजना र प्रगति समिक्षा सम्बन्धमा ।**

**निर्णय नं. ५** डिलासैनी गाउँपालिका अन्तरगतका शाखा, उपशाखा, सेवा केन्द्र, सेवा ईकाई, विद्यालय, वडा कार्यालय र स्वास्थ्य संस्था/कार्यालय लगायतका कार्यालयहरुमा कार्यरत सम्पूर्ण पद, श्रेणी र तहमा कार्यरत कर्मचारीको तोकिए बमोजिमको कार्यविवरण कार्यान्वयन गर्ने, वार्षिक कार्ययोजना तयार गरि कार्यान्वयन गर्ने र सम्पन्न कार्यहरुको प्रगति समिक्षा मासिक रुपमा पेश गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ६: असुल उपर बेरुजु सम्बन्धमा ।**

**निर्णय नं. ६** डिलासैनी गाउँपालिकाको विभिन्न आर्थिक वर्षहरुको अन्तिम लेखा परीक्षण प्रतिवेदनमा महालेखा परीक्षकको कार्यालयले औल्याएको असुलउपर बेरुजु दाखिलाका लागि सम्बन्धीत माथिल्लो निकायसँग समन्वय गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ७: काम काज सम्बन्धमा ।**

**निर्णय नं. ७** डिलासैनी गाउँपालिका अन्तरगत श्री शि.के.अ. मा.वि.मा कार्यरत शिक्षक कर्मचारी संकेत नं ४८०३३ का श्री हरेन्द्र प्रसाद जोशीलाई यस पालिका अन्तरगत शिक्षा, युवा तथा खेलकुद शाखामा कामकाज गर्ने गरि जिम्मेवारी दिने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ८: रकमान्तर तथा संशोधन सम्बन्धमा ।**

**निर्णय नं. ८** डिलासैनी गाउँपालिकाको चालु आर्थिक वर्ष २०८०।०८१ मा कार्यान्वयन हुने गरि तपसिल बमोजिमका शिर्षकहरुलाई रकमान्तर गर्ने निर्णय पारित गरियो ।

| क्र. | रकमान्तर गरिएको शिर्षक | रकम रु | रकमान्तर गर्नु पर्ने शिर्षक | रकम |
|---|---|---|---|---|
| | विद्युत महशुल(सबै कार्यालय) | २,००,००० | पानी तथा बिजुली | २,००,००० |
| | प्रशासनिक खर्च(वडा र स्वास्थ्य संस्था) | १४,००,००० | मसलन्द तथा कार्यालय सामाग्री | १४,००,००० |

CamScanner

| | | | |
|---|---|---|---|
| छाला जुत्ता प्रशोधनका लागि ३ महिने तालिम | ३,००,००० | लैंगिक समानता तथा सामाजिक मूल प्रवाहीकरण कार्यक्रम | ३,००,००० |
| आखौं उपचार शिविर | ५,००,००० | आखौं उपचार केन्द्र स्थापना | ५,००,००० |
| Fuel level sensor र GPS tracker खरिद तथा जडान | ३,००,००० | पूंजीगत प्रकृतिका समपुरक सहलगानी | ३,००,००० |
| जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन | १२,००,००० | | १२,००,००० |

**प्रस्ताव नं. ९:** मर्मत संभार अनुदान सम्बन्धमा ।

**निर्णय नं. ९** डिलासैनी गाउँपालिका अन्तरगत वडा नं. ४ मा संचालित जमाडी लघु जलविद्युत मर्मत संभारका लागि नवीरकणीय ऊर्जा प्रविधि जडान सशर्त शिर्षकबाट रु. ३,५०,०००(अक्षरेपी रु तीन लाख पचास हजार)मात्र भुक्तानी गर्ने निर्णय पारित गरियो ।

**झिलासैनी गाउँपालिकाका शाखाहरुको कार्यविवरण**

**प्रशासन तथा जनशक्ति विकास शाखा**

१. गाउँपालिकाको प्रशासन र व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन
२. संविधानको धारा ३०२ को उपधारा २ बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय
३. संगठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास
४. स्थानीय कानून बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी निर्धारण
५. गाउँपालिकाको सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन
६. नियुक्ति, सरुवा, बढुवा, पदस्थापना, हाजिरी र बिदा सम्बन्धी काम
७. पदपूर्ति सम्बन्धी कार्य
८. गाउँपालिकाको कर्मचारी प्रशासन सम्बन्धी अन्य कार्य

**आन्तरिक व्यवस्थापन तथा खरिद शाखा**

१. जिन्सी तथा भौतिक सम्पतिको संरक्षण तथा अभिलेख
२. कार्यालय तथा समारोहहरु संचालनका लागि आवश्यक सामग्रीहरुको खरिद, आपूर्ति र व्यवस्थापन
३. जिन्सी, भौतिक, मेशिनरी साधन उपकरणहरुको रेखदेख र मर्मत संभार
४. कार्यालय परिसरको सरसफाई, सजावट र सुरक्षा सम्बन्धी कार्य
५. गाउँपालिकाको भवन जग्गा जमिन लगायतका सम्पत्तिको संभार तथा संरक्षण र अभिलेख सम्बन्धी कार्य
६. गाउँपालिकाको प्रकाशन र छपाई सम्बन्धी कार्य
७. सवारी साधनहरुको व्यवस्थापन
८. कार्यालयको दर्ता चलानी र सहायता कक्षको व्यवस्थापन र संचालन
९. कम्प्युटर अपरेटर, सवारी चालकहरु र कार्यालय सहयोगीहरुको सेवा करार, कार्य विभाजन र प्रशासन
१०. कार्यालय भवन र परिसरमा बिजुली, ईन्टरनेट तथा अन्य सुविधा सम्बन्धी व्यवस्था

**सुशासन, कानुन तथा बैठक व्यवस्थापन शाखा**

१. गाउँपालिकाको कानुनी विषयमा राय परामर्श प्रदान
२. न्यायिक समितिको सचिवालयको कार्य गर्ने र निर्णय कार्यान्वयन गर्ने गराउने
३. गाउँपालिकाको पक्ष विपक्ष भै चलेको मुद्धामा फिरादपत्र वा प्रतिउत्तर पत्र तयार पार्ने र बहस पैरवी गर्ने ।
४. गाउँपालिकाको कानुन निर्माण कार्यमा परामर्श दिने ।
५. गाउँसभा तथा कार्यपालिकाको बैठक संचालनका लागि सूचना पत्राचार र व्यवस्थापन
६. गाउँसभा तथा कार्यपालिकाको बैठकको निर्णय पुस्तिकाको जिम्मा लिने
७. गाउँसभा तथा कार्यपालिकाको बैठकको निर्णय कार्यान्वयनका लागि जानकारी गराउने वा पत्राचार गर्ने ।
८. गाउँपालिकाको काम कारवाही सम्बन्धमा विभिन्न आयोग तथा निकायमा परेका उजुरीहरुको सम्बन्धीत शाखाहरुबाट जानकारी लिई जवाफ तयार गर्ने ।
९. सेवाग्राही तथा सरोकारवालाहरुबाट प्राप्त उजुरी गुनासो सम्बन्धी कार्य गर्ने ।

CamScanner

**आर्थिक प्रशासन शाखा**

१. आय व्यय वार्षिक अनुमान तयार गर्ने
२. आय व्ययको लेखा राख्ने र आवश्यक फाँटवारी तथा प्रतिवेदनहरु तयार गर्ने
३. आय व्यय स्रेस्ताको लेखा परीक्षण गराउने
४. गाउँपालिकाको भुक्तानी गर्नु पर्ने रकमहरुको नियमानुसार कागजात बिल भरपाई हेरी भुक्तानी गर्ने
५. गाउँपालिकाले संचित कोष लगायत विभिन्न कोषहरुको व्यवस्थापन र स्रेस्ता राख्ने
६. आर्थिक ऐन नियम पालना गराउन कार्य गर्ने र राय परामर्श सुझावहरु प्रदान गर्ने
७. आर्थिक मितव्ययीता, अनुशासन र प्रभावकारिता कायम गर्न पहल गर्ने
८. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सचिवालयको कार्य गर्ने

**राजस्व व्यवस्थापन शाखा**

१. संघीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, घर वहाल कर, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर(मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन
२. स्थानीय पूर्वाधार तथा सर्वाको शुल्क निर्धारण, संकलन र व्यवस्थापन
३. ट्रेकिङ, कायाकिङ,क्यानोनि, बञ्जी जम्प, जिपफलायर, र्याफ्टिङ, मोटरबोट, केबुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क
४. जडिबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा संकलन
५. स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन
६. ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन
७. सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र संकलन
८. स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन
९. राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान
१०.संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन
११.स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन
१२.मालपोत संकलन
१३.सम्पूर्ण राजस्व संकलनको शिर्षकगत तथा एकिकृत स्रेस्ता राख्ने र आवश्यकता अनुसारका प्रतिवेदनहरु तयार पार्ने
१४.राजस्व संकलनलाई सरल र सेवाग्राही मैत्री बनाउने र अनलाईन प्रविधिको प्रयोग गर्ने सम्बन्धी
१५.राजस्व परामर्श समितिको सचिवालयको कार्य गर्ने
१६.कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य

CamScanner

**आन्तरिक लेखा परिक्षण**

१. गाउँपालिको आय व्ययको हर हिसाब लेखा स्रेस्ता दुरुस्त भए नभएको परिक्षण गर्ने
२. आय व्यय तथा अन्य आर्थिक फाँटवारीहरु यथार्थ बनाउन सहयोग गर्ने
३. गाउँपालिकाको विभिन्न कोष तथा खाताहरुको अवस्था बारे प्रतिवेदन तयार गर्ने
४. गाउँपालिकाको आर्थिक कारोबारलाई आर्थिक ऐन नियम अनुकूल मितव्ययी, प्रभावकारी र पारदर्शी बनाउन राय सुझाव दिने
५. बेरुजु फछ्यौंट गराउन पहल गर्ने

**योजना, बजेट तथा अनुगमन शाखा**

१. विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन
२. आर्थिक, सामाजिक, सास्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरुको वार्षिक एवम् आवधिक योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन
३. आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन
४. संघीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग
५. सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिमको घ वर्गको इजाजतपत्रको जारी, नवीकरण तथा खारेजी
६. योजना तथा कार्यक्रमहरु कार्यान्वयन सम्बन्धी सम्झौता र कार्य आदेश
७. विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य
८. विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन
९. योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अनुगमन समितिको सचिवालयको कार्य
१०.विकास योजना तथा कार्यक्रम कार्यान्वयन प्रगति सम्बन्धी प्रतिवेदन तयारी र सम्बन्धीत तह वा निकायमा पठाउने
११.आवधिक रुपमा योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी समिक्षा बैठकको आयोजना र प्रतिवेदन प्रस्तुति
१२.योजना तथा कार्यक्रमको अनुगमन र समिक्षाबाट औंल्याइएका विषय तथा निर्देशन कार्यान्वयन

**सूचना प्रविधि तथा अभिलेख शाखा**

**क. सूचना र प्रविधि सम्बन्धी कार्य**

१. एक सय वाटसम्मको एफ.एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन खारेजी
२. प्रदेश कानूनको अधिनमा रही एफ.एम. सञ्चालन सम्बन्धी अन्य कार्य
३. संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीय क्षेत्रभित्र ईन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहिन प्रसारणको अनुमति, नवीकरण र नियमन
४. स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास र प्रवर्द्ध सम्बन्धी कार्य

CamScanner

५. गाउँपालिकाको आन्तरिक प्रशासन र व्यवस्थापनलाई स्वचालित र प्रविधिको प्रयोग गरी छिटो छरितो र सेवाग्राही मैत्री बनाउने सम्बन्धी कार्य

**ख. स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी कार्य**

१. स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन
२. जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्राहस्थ उत्पादन, प्रतिब्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तिकरण सूचकाङ्क, राजस्व तथा आय व्यय समेतको तथ्याङ्क संकलन र प्रशोधन गरि नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्ध र पार्श्व चित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन
३. सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन
४. सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख
५. आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन
६. स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम् सूचना प्रविधिको उपयोग
७. स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य

**कृषि विकास शाखा**

१. कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन
२. कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन
३. कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तिकरण
४. कृषि बिउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरुको आपूर्ति उपभोग र नियमन
५. सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य
६. सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
७. स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि
८. स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास
९. स्थानीय स्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण
१०. कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार
११. स्थानीय स्तरमा स्रोत केन्द्रहरुको विकास र व्यवस्थापन
१२. प्राङ्गारिक खेती तथा मलको प्रवर्द्धन र प्रचार प्रसार
१३. कृषि प्रसारको व्यवस्थापन सञ्चालन र नियन्त्रण सम्बन्धी अन्य कार्य ।

**रोजगारी प्रवर्द्धन र बेरोजगारको तथ्याङ्क संकलन**

१. रोजगारी प्रवर्द्धन सम्बन्धी योजना, कार्यक्रम, स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन

CamScanner

२. रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क संकलन, प्रशोधन र सूचना प्रणालीको स्थापना
३. स्थानीयस्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत संकलन तथा सूचना व्यवस्थापन
४. विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क संकलन तथा व्यवस्थापन
५. सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्याङ्कको संकलन तथा व्यवस्थापन
६. रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा संचालन
७. वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालिमको सञ्चालन
८. वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग
९. बेरोजगारको तथ्याङ्क संकलन सम्बन्धी अन्य कार्य

**पशु विकास शाखा**

१. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन
२. कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिचांइ निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन
३. कृषि तथा पशुपक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण
४. पशुपक्षी चिकित्सा सेवाको व्यवस्थापन
५. कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन
६. पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन
७. उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण
८. स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन
९. पशु आहारको गुणस्तर नियमन
१०. स्थानीय स्तरमा पशुपक्षी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली
११. पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन
१२. पशुपक्षी सम्बन्धी बीमा र कर्जा सहजीकरण
१३. पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य

**र्वाधार विकास शाखा**

**. सडक पुल सिचाँइ र यातायात सम्बन्धी कार्य**

१. स्थानीय, ग्रामीण तथा कृषि सडक र सिचाँइ सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन
२. स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पूल, पुलेसा सिंचाइ र तटबन्धन सम्बन्धी योजना तथा कार्यक्रमको सर्भेक्षण, डिजाईन, लागत अनुमान, कार्यान्वयन, मर्मत सम्भार र नियमन
३. स्थानीय स्तरका सिंचाइ प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन

CamScanner

४. यातायात सुरक्षाको व्यवस्थापन र नियमन
५. यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड,योजना, कार्यान्वयन र नियमन
६. स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन
७. वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेद्य, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन
८. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य

**ख. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा सम्बन्धी कार्य**

१. स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र नियमन
२. खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन
३. एक मेगावाट सम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन
४. स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, नियमन
५. स्थानीय विद्युत वितरण उर्जा प्रणाली र सेवाको व्यवस्थापन सञ्चालन, अनुगमन र नियमन
६. स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण क्षमता अभिवृद्धि र प्रवर्द्धन
७. खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी योजना तथा कार्यक्रमहरुको सर्भेक्षण, डिजाइन, लागत अनुमान र कार्यान्वयन सम्बन्धी कार्य
८. विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन
९. खानेपानी महसुल प्रणाली र सेवाको व्यवस्थापन
१०. स्थानीय साना सतह तथा भूमिगत सिंचाइ प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निर्धारण र संकलन सम्बन्धी व्यवस्थापन
११. आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट सम्बन्धी कार्यहरु ।

**भवन तथा शहरी विकास शाखा**

१. राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन
२. सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन
३. संघीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग
४. सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन र मूल्याङ्कन
५. सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिमको घ वर्गको इजाजतपत्रको जारी, नवीकरण तथा खारेजी
६. भवन तथा बस्ती विकास सम्बन्धी आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य

CS CamScanner

**वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन शाखा**

**क. सरसफाई र वातावरण सम्बन्धी कार्य**

१. सरसफाई, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन
२. स्थानीय स्तरमा वातावरणीय जोखिम न्यूनीकरण
३. स्थानीय स्तरमा जनस्वास्थ्य प्रतिकुल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचबिखन र उपभोग तथा वातावरणीय प्रदुषण र हानिकारक पदार्थहरुको नियन्त्रण, अनुगमन तथा नियमन
४. स्थानीय स्तरमा सरसफाई तथा फोहरमैला व्यवस्थापन
५. स्थानीय स्तरमा न्यून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन
६. स्थानीय स्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन
७. स्थानीय स्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन
८. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी अन्य कार्य

**ख. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण**

१. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन
२. पानी मुहानको संरक्षण
३. सामुदायिक भू-संरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम
४. भू-संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन
५. खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क संकलन
६. बहुमूल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण र सम्वर्द्धनमा सहयोग
७. ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खन्न तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन
८. भौगर्भिक नक्सा प्रकाशन

**ग. विपद् व्यवस्थापन सम्बन्धी कार्य**

१. विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन
२. स्थानीय स्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय
३. स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन
४. विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको पहिचान स्थान्तरण
५. विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य
६. विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन
७. विपद् जोखिम न्यूनिकरण सम्बन्धी स्थानीय स्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन
८. विपद् पश्चात स्थानीय स्तरको पुनस्थापना र पुनर्निर्माण

CamScanner

९. स्थानीय स्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
१०.स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली
११.समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन
१२.विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य

**शिक्षा तथा खेलकुद शाखा**

**क शिक्षा सम्बन्धी**

१. प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन
२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन
३. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन
४. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन
५. मातृभाषा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन
६. गाभिएका वा बन्द गरिएका विद्यालयहरुको सम्पत्ति व्यवस्थापन
७. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन
८. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
९. विद्यालयको नामाकरण
१०.सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
११.विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण
१२.सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान
१३.विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन
१४.सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन
१५.आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन
१६.विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन
१७.निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन
१८.ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन
१९.स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण
२०.माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
२१.सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन
२२.शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास

CamScanner

ख युवा तथा खेलकुद सम्बन्धी

१. स्थानीय स्तरका खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास
२. स्थानीय स्तरका खेलकुद प्रशासन तथा संघसंस्थाको नियमन र समन्वय
३. खेलकुदको विकास र प्रवर्द्धन
४. खेलकुद प्रतियोगिता आयोजना र सहभागिता
५. खेलकुद सम्बन्धी पूर्वाधारको विकास
६. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन
७. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन
८. सथानीय तहका पत्रपत्रिकाको दर्ता, अभिलेख तथा नियमन

महिला बालबालिका तथा सामाजिक समावेशिकरण शाखा

१. महिला विकास क्षमता वृद्धि र शसक्तिकरण सम्बन्धी योजना तथा कार्यक्रम तथा कार्यान्वयन
२. बाल विकास, संरक्षण र अधिकार सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन
३. संघ र प्रदेश कानुनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन
४. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण
५. जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन
६. संघ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन
७. सडक बालबालिका, अनाथ, असाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरुको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन
८. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन सम्बन्धी अन्य कार्य
९. स्थानीय सामाज सेवा गर्ने उद्देश्यले स्थापना भएका संघसंस्थाहरुको दर्ता नवीकरण अनुगमन र प्रवर्द्धन

सामाजिक सुरक्षा तथा पन्जिकरण शाखा

क सामाजिक सुरक्षा र गरिबी निवारण सम्बन्धी कार्य

१. सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान
२. लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन
३. सामाजिक सुरक्षाको कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य
४. सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन
५. गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन
६. स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन

व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क

१. व्यक्तिगत घटना(जन्म, मृत्यु, विवाह, बसाईसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता

CamScanner

२. व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
३. व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन

**सुकुम्बासी व्यवस्थापन**

१. सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन
२. सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन

**जनस्वास्थ्य शाखा**

१. आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन
२. आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन
३. अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन
४. स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन
५. स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन
६. सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन
७. स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन
८. रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन
९. औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन
१०. सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्काशित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी
११. परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन
१२. महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियमन्त्रण र व्यवस्थापन
१३. संघीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण
१४. जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरुको क्लिनिक दर्ता सञ्चालन अनुमति र नियमन
१५. स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण
१६. स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन
१७. स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरुको न्यूनमत मूल्य निर्धारण र नियमन
१८. स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण
१९. स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन
२०. स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी(पब्लिक हेल्थ सर्भेलेन्स)
२१. स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण
२२. स्थानीयस्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन
२३. स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लागयतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन

CamScanner

१४. जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन

१५. सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि

१६. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन

१७. जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन

१८. रोगको नियन्त्रण तथा रोकथाम

१९. आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन

**स्वास्थ्य चौकी तथा केन्द्रहरु**

१. केन्द्रमा उपलब्ध उपचारात्मक, निदानात्मक तथा प्रवर्द्धनात्मक स्वास्थ्य सेवा प्रदान गर्ने गराउने
२. उपचारका लागि आउने बिरामीहरुको पहिचान गरी उपचार सेवा, सल्लाह तथा सुझाव दिने
३. उपचार सेवाका अलावा स्वास्थ्य सेवा सम्बन्धी सचेतनामूलक र प्रवर्द्धनात्मक विविध कार्यक्रमहरु संचालन गर्ने
४. निशुल्क उपलब्ध औषधिहरुको वितरण गर्ने
५. दैनिक प्रशासनिक कार्य संचालन गर्ने गराउने
६. स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमहरु तर्जुमा गरी स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने गराउने
७. सेवा दिइएका बिरामीहरुको समेत संभव भएसम्मको पूर्ण अभिलेख र अनुगमनको व्यवस्था मिलाई अनुसन्धान प्रमाणहरु जुटाउने

**वडा कार्यालयहरु**

**क वडाभित्र योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन**

१. सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग संकलन, प्राथमिकीकरण तथा छनौट गर्ने
२. टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरुका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने
३. वडाभित्र योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने

**ख तथ्याङ्क अद्यावधिक तथा संरक्षण**

१. निजी घर तथा घर परिवारको लगत राख्ने
२. ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने
३. खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा संस्कृतिकस्थल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुङ्गेधारा, गुठीघर, बाटो, सडक, पुल, पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क संकलन गरी अद्यावधिक लगत राख्ने संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पार्श्वचित्र तयार तथा अद्यावधिक गर्ने

**ग बिकास कार्य**

१. बाल उद्यानको व्यवस्था गर्ने
२. अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने
३. पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने
४. वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने
५. खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने
६. पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने
७. वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने
८. शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने गराउने
९. सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको निर्माण र व्यवस्थापन गर्ने गराउने
१०. वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने
११. घरबाट निकास हुने फोहरमैलाको संकलन र व्यवस्थापन, चोक तथा गल्लीहरुको सरसफाई, ढल निकास, मरेका जनवारको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने
१२. कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवर्द्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने
१३. कृषि बीउ विजन, मल तथा औषधिको माग संलगन गर्ने
१४. कृषिमा लाग्ने रोगहरुको विवरण संकलन गर्ने
१५. पशुपक्षी विकास तथा छाडा चौपायाको व्यवस्थापन
१६. वडाभित्रको चरनक्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने
१७. स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने
१८. स्थानीय मौलिकता झल्किने सास्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने
१९. वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने
२०. अन्तरविद्यालय तथा क्लब मार्फत खेलकुद कार्यक्रमको संचालन गर्ने गराउने
२१. वडा क्षेत्रभित्रको बाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने
२२. वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने
२३. बाटोघाटो बाढी, पहिरो, हुरी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न अवरोध पन्छाउने
२४. घरेलु उद्योगको लगत संकलन तथा सम्भाव्यता पहिचान गर्ने
२५. वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने
२६. प्रचलित कानुन बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख संकलन तथा संरक्षण गर्ने
२७. व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने
२८. सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने
२९. वडालाई बालमैत्री बनाउने
३०. वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्प संख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने
३१. विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने

CS CamScanner

३२. बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने

३३. प्रचलित कानुनको अधीन रही मालपोत तथा भूमि कर, व्यवसाय कर, बहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र संकलन गरी सम्बन्धी गाउँपालिका वा नगरपालिकामा प्रतिवेदन सहित रकम बुझाउने

३४. अशक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुर्याई औषधोपचार गराउने

३५. असहाय वा बेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने

३६. सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत संकलन गर्ने

३७. वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने

३८. वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने गराउने

३९. वडालाई वातावरणमैत्री बनाउने

४०. प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरु गर्ने गराउने

४१. वडाभित्र घरबास पर्यटन(होम स्टे) कार्यक्रम प्रवर्द्धन गर्ने

**घ नियमन कार्य**

१. वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरुका कार्यको अनुगमन तथा नियमन गर्ने
२. सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम दिने
३. खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरि उपभोक्ता हित संरक्षण गर्ने
४. वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रवर्द्धन गरी लगत राख्ने
५. हाट बजारको व्यवस्थापन गर्ने, गराउने
६. विद्युत चुहावट तथा चोरी नियन्त्रणमा सहयोग गर्ने

**ङ सिफारिस तथा प्रमाणित गर्ने**

१. नाता प्रमाणित गर्ने
२. नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने
३. बहाल करको लेखाजोखा सिफारिस गर्ने
४. बन्द घर तथा कोठा खोल्न रोहबरमा बस्ने
५. मोही लगत कट्टाको सिफारिस गर्ने
६. घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने
७. जन्म मिति प्रमाणित गर्ने
८. व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस गर्ने
९. विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने

CamScanner

१०.निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने
११.वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अङ्ग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित गर्ने
१२.घर पाताल प्रमाणित गर्ने
१३.व्यक्तिगत विवरण प्रमाणित गर्ने
१४.जग्गा धनी दर्ता प्रमाणपूर्जामा घर कायम गर्न सिफारिस गर्ने
१५.कुनै व्यक्तिको नाम, थर, जन्ममिति तथा वतन फरक-फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने
१६.नाम, थर, जन्म मिति संशोधनको सिफारिस गर्ने
१७.जग्गा धनी दर्ता प्रमाणपूर्जा हराएको सिफारिस गर्ने
१८.कित्ताकाट गर्न सिफारिस गर्ने
१९.संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने
२०.जीवितसँगको नाता प्रमाणित गर्ने
२१.मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने
२२.जीवित रहेको सिफारिस गर्ने
२३.हकवाला वा हकदार प्रमाणित गर्ने
२४.नामसारी गर्न सिफारिस गर्ने
२५.जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने
२६.उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने
२७.आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने
२८.जग्गा मूल्याङ्कन सिफारिस गर्ने
२९.विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने
३०.अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने
३१.वैवाहिक अङ्गीकृत नागरिकता सिफारिस गर्ने
३२.आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धी सिफारिस गर्ने
३३.विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने
३४.धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने
३५.प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने

CamScanner